नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

र संख्या:- 065/69
नानी नं.:- 892

मिति : २०७८/११/२२

विषय : सम्झौता नविकरण सम्बन्धमा ।

श्री दिल्ली पब्लिक स्कुल,
विराटनगर-६, मोरङ ।

त्यस स्कुलले DPS BRT/2020-21/Po: 691 मिति २०७७।१२।०२ को पत्रबाट शिक्षा ऐन २०२८ को दफा ३. को उपदफा (८) को प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्था र नेपाल सरकार, मन्त्रिपरिषद् सामाजिक समितिको मिति २०७२।०९।२२ गतेको निर्णय समेतको आधारमा मिति २०७२।१०।१० को निर्णय (मा.मन्त्रीस्तरीय) अनुसार यस मन्त्रालय र त्यस शिक्षण संस्था बीच भएको सम्झौता बमोजिम सेन्ट्रल बोर्ड अफ सेकण्डरी एजुकेसन (Central Board of Secondary Education-CBSE), भारत (India) को कक्षा १ देखि १२ सम्मको शैक्षिक कार्यक्रम सञ्चालन गर्न दिइएको अनुमतिको समयावधि समाप्त भएकोले सम्झौता नविकरण गरिदिन भनी निवेदन दिइएकोमा कारवाही हुँदा साविकमा गरिएको सम्झौता पत्रमा उल्लेख भएका शर्त बन्देजहरु नै लागु हुने गरी सम्झौता अवधि समाप्त भएको मिति देखि ५ वर्षको लागि उक्त कार्यक्रम सञ्चालनको सम्झौता मिति २०७८।११।१५ को माननीय मन्त्रीस्तरको निर्णयअनुसार नविकरण गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

गीता शर्मा
शाखा अधिकृत

नेपाल सरकार

# शिक्षा मन्त्रालय

(विद्यालय शिक्षा शाखा)

प.सं. २०७२/७३
चलानी नं. ३६२

फोन तथा फ्याक्स न. ०१-४२११९८५
सिंहदरबार, काठमाण्डौ

विषय: अनुमति पत्र।

श्री दिल्ली पब्लिक स्कूल,
विराटनगर-६, मोरङ।

विदेशी शिक्षण संस्थाबाट अनुमति लिई नेपालमा शैक्षिक कार्यक्रम सञ्चालन गर्नका लागि तपाईले दिल्ली पब्लिक स्कूल विद्यालय/कम्पनी/गुठीको तर्फबाट मिति २०७२/१०/५ गते यस मन्त्रालयमा दिएको निवेदन उपर कारवाही हुँदा शिक्षा ऐन २०२८ को दफा ३. को उपदफा ८) को प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्था र नेपाल सरकार, मन्त्रिपरिषद् सामाजिक समितिको मिति २०७२।०९।२२ गतेको निर्णय समेतको आधारमा शिक्षा मन्त्रालयको मिति २०७२/१०/१० को निर्णय (मा. मन्त्रीस्तरीय) अनुसार संस्था सञ्चालन तथा व्यवस्थापनको विधि र प्रक्रिया मन्त्रालयसँग गरेको सम्लग्न सम्झौता बमोजिमका शर्तहरू लागू हुने गरी सेन्ट्रल बोर्ड अफ सेकन्डरी एजुकेसन (Central Board of Secondary Education-CBSE), भारत (India) को कक्षा १ देखि १२ सम्मको शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति दिइएको छ।

मन्त्रालयको छाप:

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

अनुमति प्रदान गर्ने अधिकारीको
सही: [signature] १०।२।२८
मिति: २०७२।१०।२९
नामः रामशरण सापकोटा
पदः उप सचिव

विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिई नेपालमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न
नेपाल सरकार, शिक्षा मन्त्रालय र Delhi Public School, Biratnagar बीचमा भएको
Central Board of School Education (CBSE) कार्यक्रम सञ्चालन सम्बन्धी

**सम्झौता–पत्र**

**१. प्रस्तावना:** विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिई नेपालमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति दिने सम्बन्धमा शिक्षा ऐन २०२८ को दफा ३. को उप दफा (८)को प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्था र नेपाल सरकार, मन्त्रिपरिषद् सामाजिक समितिको मिति २०७२।०९।२२ गतेको निर्णय समेतको आधारमा शिक्षा मन्त्रालयको मिति २०७२।१०।१० को निर्णय (मा. मन्त्री स्तरीय) अनुसार शिक्षा मन्त्रालय (यस पछि पहिलो पक्ष भनिएको) र दोस्रो पक्ष शैक्षिक कार्यक्रम सञ्चालक संस्था Delhi Public School, Biratnagar (यस पछि दोस्रो पक्ष भनिएको) बीच निम्न सर्तहरूको अधीनमा रही दुवै पक्ष मञ्जुर भएकोले यस सम्झौतामा सहिछाप गरी लियौं, दियौं ।

**२. पहिलो पक्षले पालना गर्नु पर्ने शर्तहरू:**

१ संस्था सञ्चालनका लागि गठन हुने सञ्चालक समितिमा प्रतिनिधि सदस्य तोक्नु पर्नेछ ।
२ संस्थाबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी वार्षिक रूपमा एकीकृत प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।
३ विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिइ शैक्षिक कार्यक्रम नियम अनुसार सञ्चालित संस्थाहरूमा कार्यरत विदेशी शिक्षक, व्यवस्थापक, विद्यार्थी तथा तीनका अभिभावकलाई प्रचलित नियम अनुसारको अध्ययन भिसा उपलब्धताको लागि सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ।
४ संस्थामा अध्ययन गर्न चाहने नेपाली विद्यार्थीहरूलाई तोकिए बमोजिमको शुल्क लिइ No Objection Letter दिनु पर्नेछ।
५ सम्झौता कार्यान्वयन गराउनु शिक्षा मन्त्रालयको दायित्व हुनेछ ।
६ सर्त कार्यान्वयन नभएको पाइएमा सम्झौता रद्द गरी कार्यक्रम सञ्चालनका लागि दिएको अनुमति रद्द गर्न सक्नेछ ।

**३. दोस्रो पक्षले पालना गर्नु पर्ने शर्तहरू:**

१ विदेशी मुलुकमा सञ्चालित शैक्षिक कार्यक्रम नेपालमा सञ्चालन गर्न चाहने संस्थाले नेपाल सरकारको राजस्व खातामा प्रति कार्यक्रम रु २५,०००।(पच्चीस हजार) जम्मा गरेको भौचर सहित मन्त्रालयले तोकेको ढाँचामा निवेदन दिनु पर्नेछ।
२ विदेशी मुलुकमा सञ्चालित शैक्षिक कार्यक्रम नेपालमा सञ्चालन गर्न चाहने संस्थाले क वर्गको वाणिज्य बैङ्कको मुद्दती खातामा कक्षा ८ सम्म सञ्चालनको लागि रु ८,०००००।(आठ लाख) र कक्षा १२ सम्म सञ्चालनको लागि रु १५,०००००। (पन्ध्र लाख) झिक्न वा धरौटी राख्न नपाइने गरी संस्थाकै नाममा दाखिला गर्नु पर्नेछ ।
३ बुँदा (२) बमोजिम धरौटी राखेको रकम अनुमति लिएको कार्यक्रम सञ्चालन गर्न नचाहेमा वा संस्था बन्द भएमा मन्त्रालयको अनुमति लिएर मात्र झिक्न पाइने छ ।
४ शैक्षिक कार्यक्रम सञ्चालन गर्ने संस्था, काम गर्ने शिक्षक तथा कर्मचारीले नेपालको कानुन बमोजिमका सबै कर तिर्नु पर्नेछ।
५ शैक्षिक संस्थामा कार्य गर्ने विदेशी शिक्षक, कर्मचारी तथा व्यवस्थापकहरूले नेपालको कानुन बमोजिमको भिसा र श्रम स्वीकृति अनिवार्य रूपमा लिनु पर्नेछ ।

६ संस्थाले वार्षिक रूपमा लेखापरीक्षण गराउनु पर्नेछ ।

७ संस्था सञ्चालनका लागि सञ्चालक समिति गठन गर्नु पर्नेछ । सो समितिमा शिक्षा मन्त्रालयले तोकेको प्रतिनिधि समेत रहने व्यवस्था गर्नु पर्नेछ।

८ संस्थाले आफ्नो वार्षिक प्रतिवेदन शिक्षण संस्थाको वार्षिक दिवस (Annual day) वा शैक्षिक सत्रको अन्तमा सार्वजनिक गर्नु पर्नेछ र सो प्रतिवेदन १५ (पन्ध्र) दिन भित्र शिक्षा मन्त्रालयमा पेस गर्नु पर्नेछ।

९ संस्थाले प्रचलित नियम बमोजिम १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ वा सो बराबरको रकम अन्य सामुदायिक विद्यालयको शैक्षिक स्तर सुधार गर्न खर्च गर्नु पर्नेछ। शैक्षिक संस्थाले सामुदायिक विद्यालयको शैक्षिक स्तर सुधारका लागि गर्ने खर्चको कार्यविधि शिक्षा मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

१० संस्थाले नेपालको सार्वभौम सत्ता, राष्ट्रियता, ऐतिहासिक मूल्य मान्यता तथा रीतिरिवाज प्रतिकूल हुने अथवा जात जाती, क्षेत्र सम्प्रदाय बीच घृणा फैलाउने वा सामुदायिक सम्बन्धमा आँच आउने खालको पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री अध्ययन अध्यापन गराउन पाइने छैन।

११ विदेशी मुलुकबाट सम्बन्धन लिई नेपालमा सञ्चालित शैक्षिक कार्यक्रम अध्ययन गर्न चाहने नेपाली विद्यार्थीहरूले शिक्षा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अध्ययन गर्न आपत्ति नभएको पत्र (No Objection Letter) लिनु पर्नेछ।

१२ शिक्षण संस्थाको शैक्षिक सत्र सम्बन्धन प्राप्त संस्थाको शैक्षिक कार्य तालिका बमोजिम हुनेछ।

१३ संस्थाले माथि उल्लिखित शर्तका अतिरिक्त शिक्षा मन्त्रालयले दिएको निर्देशन पालन गर्नु पर्नेछ।

## ४. विविध:

१ विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिई नेपालमा सञ्चालित शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने नेपाली विद्यार्थीहरूले नेपाल सरकारको राजस्व खातामा रु २०००।- जम्मा गरेको भौचर सहितको निवेदन दिए पश्चात् शिक्षा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अध्ययन गर्न आपत्ति नभएको पत्र लिए पछि मात्र उक्त कार्यक्रममा भर्ना गर्नु पर्नेछ ।

२ शिक्षा मन्त्रालयको स्वीकृति बेगर धरौटी रकम झिक्न नपाउने गरी संस्थाले धरौटी रकम ५ वर्षे मुद्दती खातामा राख्नु पर्नेछ ।

३ संस्थामा विदेशी बाहेकका स्वदेशी शैक्षिक कार्यक्रम सञ्चालन गरेको भए त्यस्ता कार्यक्रमको हकमा यो सम्झौता लागू हुने छैन ।

४ उपलब्ध भएसम्म संस्थामा नेपालीहरूलाई रोजगारी दिनु पर्नेछ ।

५ यो सम्झौताको अवधि सम्झौता गरेको मितिले ५ वर्ष कायम रहने छ । दोस्रो पक्षको अनुरोधमा सम्झौता नवीकरण गर्न सकिने छ ।

६ संस्थाबाट लिएको सम्बन्धनको म्यादको अवधि समाप्त भई नवीकरण नभएमा यो सम्झौता कायम रहने छैन ।

७ दुवै पक्षको सहमतिमा यो सम्झौता पुनरावलोकन गर्न सकिने छ ।

DELHI PUBLIC SCHOOL BIRATNAGAR

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

**पहिलो पक्षको तर्फबाट**

दस्तखत :

नाम : श्री रामशरण सापकोटा

पद : उप सचिव

ठेगाना : शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं।

कार्यालय छाप :

**दोस्रो पक्षको तर्फबाट**

दस्तखत :

नाम : गोविन्द लाल संघई

पद : निर्देशक

ठेगाना : Delhi Public School, Biratnagar, Morang

**संस्थाको छाप :**

रोहबर:

पहिलो पक्षको तर्फबाट

दस्तखत :

नाम : सुशीलबाबु खनाल

पद : उप सचिव

ठेगाना : शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं।

दोस्रो पक्षको तर्फबाट

दस्तखत :

नाम : श्री परशुराम घिमिरे

पद : प्राचार्य

ठेगाना : Delhi Public School, Biratnagar, Morang

इतिसम्वत् २०७२/१०/२१